# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ

कोशी प्रदेश

नेपाल

स्थानीय राजपत्र

खण्डः ८ संख्याः मितिः २०८१/११/०२

**भाग-२**

# घरेलु मदिरा उत्पादन तथा उपयोग कार्यविधि, २०८१

# हलेसी तुवाचुङ नगरपालिकाको
# घरेलु मदिरा उत्पादन तथा उपयोग कार्यविधि, २०८१

नगरकार्यपालिका बाट पारित मितिः२०८१/१०/१५

## परिच्छेदः१

हलेसी तुवाचुङनगरपालिकाको विभिन्न स्थानमा घरेलु, सांस्कृती तथा अन्य प्रयोजनका लागी घरेलु मदिरा उत्पादन भईरहेकोमा सोलाई व्यवस्थित गरि होमस्टेमा आउने पाहुनाहरुलाई घरेलु मदिरा सफा, ब्रान्डिङ, सुरक्षित तथा व्यवस्थित तरिकाले उत्पादन गरी घरेलु उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिका भित्र रहेका होमस्टेहरुलाई लक्षित गरी यस कार्यविधि निर्माण गरिएको छ।

**१.१ प्रारम्भ र संक्षिप्त नामः**

क) यो कार्यविधिको नाम **घरेलु मदिरा उत्पादन तथा उपयोग कार्यविधि, २०८१**, रहेको छ ।

ख) यो कार्यविधि हलेसी तुवाचुङ नगरपालिकाको स्थानिय राजपत्रमा प्रकाशित मिति बाट प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि हलेसी तुवाचुङ नगरपालिका भरी लागु हुनेछ।

## परिच्छेदः २

२.१ विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका"भन्नाले हलेसी तुवाचुङ नगरपालिकालाई जनाउँछ।

ख) "नगर प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिका नगर प्रमुखलाई बुझ्नु पर्दछ ।

ग) "समिति"भन्नाले घरेलु मदिरा अनुगमन तथा सञ्चालन समितिलाई सम्झनु पर्दछ।

घ) "होमस्टे" भन्नाले हलेसी तुवाचुङ नगरपालिका भित्र सञ्चालनमा रहेका होमस्टेलाई सम्झनु पर्दछ।

**२.२ कार्यविधिको उद्देश्यः**

क) बढ्दो जथाभावी घरेलु मदिरा उत्पादन तथा विक्रि बितरणलाई नियन्त्रण गर्ने ।

ख) स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने।

ग) नगरपालिकामा सञ्चालित होमस्टेहरुको बजारीकरणमा सहयोग गर्ने ।

घ) घरेलु मदिरा उत्पादनलाई व्यवस्थित तथा नियन्त्रण गरी नगरपालिका वासीको आर्थिक स्थिती उत्थानका लागि अनुदान सहयोग गर्ने।

**२.३ लाभान्वित क्षेत्रः**

हलेसी तुवाचुङ नगरपालिकाभित्र रहेका सहकारीहरु, होमस्टे सञ्चालन गरिरहेका समुहहरु तथा होमस्टे लाई सप्लाई गर्ने गरी अन्य ईच्छुक आमा तथा महिला समुहहरु वा अन्य समुहहरु ।

## परिच्छेदः ३

**३.१ घरेलु मदिरा उत्पादन र बजारीकरण सम्बन्धी व्यवस्थाः**

घरेलु मदिरा उत्पादन सञ्चालन गर्दा तपसिल बमोजिमको अधिनमा रही गर्नुपर्नेछ :

- प्रचलित निएम कानूनले तोकेको भन्दा बढी परिमाणमा उत्पादन गर्न पाईने छैन ।

- स्वीकृत मापदण्ड भन्दा बढी परिमाणमा उत्पादन नगर्न तथा गुणस्तरमा ध्यान दिनु पर्नेछ।
- घरेलु मदिराको गुणस्तरका विषयमा नगरपालिकास्तरिय अनुगमन समिती तथा होमस्टेका पदाधिकारीहरुको बिचमा छलफल गरि निर्धारण हुनेछ ।
- यस कार्यविधिले गठित समितीद्धारा निर्धारण गरीएको गुणस्तर होमस्टे द्वारा अवलम्बन गरिएको नपाईएमा अनुदान रोक्का तथा आवश्यक कारबाही समेत सिफारिस गर्न सक्नेछ ।
- घरेलु मदिरा उत्पादन गर्दा सामुहिक रुपमा सामुदायिक भवन वा कुनै फरक स्थानमा सुरक्षित रुपमा उत्पादन गर्नु पर्नेछ ।
- उत्पादन क्षेत्रमा फोहोर व्यवस्थापन गर्दा नजिकको समुदायमा असर नपर्ने गरी गर्नु पर्नेछ ।
- यस कार्यविधि बमोजिम नगरपालिकाभित्र सञ्चालित होमस्टे र निजि प्रयोजन बाहेक यस कार्यविधि बमोजिम घरेलु मदिरा उत्पादनका लागि स्वीकृति प्रदान गरेको मानिने छैन।
- हरेक होमस्टेले घरेलु मदिरा उत्पादन तथा नियमनका लागि देहाय बमोजिमको एक घरेलु मदिरा उत्पादन तथा नियमन समिती तयार गर्नु पर्नेछ :

१. नगर प्रमुखले तोकेको प्रतिनिधी- संयोजक
२. सम्बन्धित वडाका वडा अध्यक्षले तोकेको एक वडा सदस्य- सदस्य
३. घरेलु मदिरा उत्पादन गर्ने सहकारी,आमा समुहका महिलाहरु मध्यबाट- तिन जना सदस्य

## परिच्छेद:४

**४.१ घरेलु मदिरा उत्पादन र उपयोग अनुगमन समितिः**

नगरपालिका वडाहरुमा सहकारी,आमा समुह तथा होमस्टेद्वारा निश्चित परिमाणमा उत्पादित घरेलु मदिराको नगरपालिकास्तरिय अनुगमनका लागी एक अनुगमन तथा व्यवस्थापन समिती रहनेछ ।

सम्बन्धित वडाका अध्यक्ष- संयोजक
नगरपालिकाको नगर प्रमुखद्वारा मनोनित एक कार्यपालिका सदस्य -सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
प्रमुख प्रशासकिय अधिकृतले तोकेको एक अधिकृतस्तरको कर्मचारी- सदस्य

## परिच्छेदः ५

**५.१ बजेट सम्बन्धी व्यवस्थाः**

हलेसी तुवाचुङ नगरपालिकाद्वारा निम्न बमोजिम क्षेत्रमा सहकारी,आमा समुह तथा होमस्टेद्वारा उत्पादित घरेलु मदिरा उत्पादनमा बजेट बिनियोजन गरिनेछ ।

क. कच्चा पदार्थहरु खरिदमा अनुदान,

ख. घरेलु मदिरा उत्पादन गर्ने भाडाहरुमा अनुदान,

ग. बोटलिङ सप्लाईमा अनुदान,

घ. कार्यपालिकाद्वारा निर्णय भएमा अन्य कुनै थप क्षेत्रमा अनुदान

**५.२. सामाग्री तथा वोटलिङ अनुदानमा अधिकतम ८० प्रतिशत सम्म अनुदान प्रदान गरिनेछ ।**

## परिच्छेदः६

**६.१ भुक्तानी सम्बन्धी व्यवस्थाः**

- होमस्टे वा होमस्टेलाई सप्लाई गर्ने हिसावले सहकारी,महिला समुहद्वारा निर्णय भई कार्यालयमा नियमानुसार दर्ता हुनु पर्नेछ ।
- समुह द्धारा यस कार्यविधिमा निर्धारण गरिए बमोजिमका शर्तहरुको अधिनमा रही नगरपालिकासँग सम्झौता हुनेछ ।
- सम्झौता पछि समुहको निर्णयमार्फत माग गरिएका सामाग्री तथा अनुदानहरुमा नगरपालिकाद्वारा निर्धारण गरिएको प्रतिशतमा अनुदान वितरण हुनेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात होमस्टे तथा वडा समितिको कार्यसम्पन्न सिफारिसमा नगरपालिकाद्वारा सम्बन्धित पक्षलाई भुक्तानी दिईनेछ ।

## परिच्छेदः७

**७.१ भुक्तानी दिन बाध्य नहुनेः**

सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा नगरपालिकाले भुक्तानी दिन बाध्य हुने छैन।

सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा त्यस्ता होमस्टे तथा सम्बन्धित समुह, सहकारीलाई रकम भुक्तानी गरिने छैन।

आज्ञाले<br>
वसन्त गिरी<br>
प्रमुख प्रशासकीय अधिकृत